# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ २८ गते २०३३ साल [अतिरिक्ताङ्क ४२+(ख)

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले साबिक भैरहेको केही अञ्चल एवं जिल्लाहरूको सिमाना एवं क्षेत्र देहायबमोजिम हेरफेर गरी नयाँ सिमाना कायम गरेको छ।

सिमाना हेरफेर

| जिल्ला | गाभिन आउने गा.पं. वा क्षेत्र | पञ्चायत संख्या | कुन जिल्ला-बाट गाभिन आउने | कैफियत |
|---|---|---|---|---|
| १. तनहुँ | (१) परेवा डाँडा र कुन्छा आमडाँडा गा.पं. अन्तरगतको नाउदीखोलादेखि दक्षिण पर्ने अन्दाजी छ सय रोपनी (बस्ति नभएको) जग्गा (२) आमडाँडा गा.पं.को वडा नं. ५ मा पर्ने कुशिमराङ गाउँ र सोही पञ्चायतको | | लमजुङ | रिस्तिखोला प्राकृतिक साँध। |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | वडा नं. ६ को ठाडीमेला गाउँ, (३) सूर्यपाल गा. पं. को वडा नं. ९ मा पर्ने बलाचे-गाउँ (४) रम्घा गा.पं. वडा नं. ९ मा पर्ने ध्यूटार गाउँ। | | | |
| २. लमजुङ | पस गाउँ ठाँटी गा. पं. अन्तरगतको परग्य पुसी, सुमले गाउँ–हरू बाहेक सो गा. पं. को अरू बाँकी भाग । | | कास्की | रूदीखोलालाई सिमाना कायम गरिएको छ । |
| ३. कास्की | भरतपोखरी गा. पं. निर्मल पोखरी गा.पं. र कृस्ति नाच्ने चौर गा. पं. को सबै भाग | ३ | स्याङ्जा | उल्लेखित गाउँ–पञ्चायतहरू पुन–र्गठन भई नयाँ नामाकरण भएको। |
| ४. स्याङ्जा | कार्कीनेटादेखि पाखापानीसम्म डाँडाको पानीढलो पूर्व र साबिक सिगारकोस गा. पं. को पिडी-खोला तथा सेतीखोलादेखि दक्षिणको भाग | | पर्वत | |
| ५. पर्वत | (१) कार्कीनेटा उत्तर तर्फ डाँडैडाँडा जुम्लीथान, अधेरीनेटा बाहुनकाहुले हुँदै पन्चासेलेकसम्म डाँडाको पानीढलोलाई सीमाना कायम गरी सोदेखि उत्तर पश्चिमको भाग (२) डाँडा खर्क गा. पं. को सबै भाग, आर थर पोखरी चौर र खोला लाकुरी गा. पं. को पानीढलो उत्तर पश्चिमको भाग। | | स्याङ्जा | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ६. धादिङ | महाभारत लेकको उत्तरी पानी-ढलोमा पर्ने हात्तीवन र जवाङ गाउँ। | | चितवन | जवाङ र दारेचोक बीचको खोला र उक्त खोलाको शिर-मा पर्ने सिराईको लेख सीमा कायम गरी। |
| ७. धादिङ | महाभारत लेकको उत्तरी पानी-ढलोमा पर्ने तोपलाङ मझुवा, बान्हबिसे, घूसेनी र लिखु गाउँहरू। | | मकवानपुर | |
| ८. धादिङ | वुधसिङ गा. पं. को वुधसिङ नेवारपानी दर्शनटार, घोड-भन्ज्याङ खर्क र ढाडखर्क गाउँ-हरू। | | नुवाकोट | छत्रेखोला ढाड-खोला सांध । |
| ९. नुवाकोट | फलागुखोलादेखि दक्षिणमा पर्ने धैवुङ गा. पं. अन्तर्गत पर्ने स्याले, बेत्रावती र केराघारी तथा महावीर गाउँ। | | रसुवा | |
| १०. काभ्रे-पलान्चोक | लप्सीफेदी गा. पं. को ४, ५, ७ र ८ नं. वडाहरू। | | काठमाडौं | भारेभन्ज्याङ र चौकी भन्ज्याङ भएको डाँडापानी ढलो। |
| ११. सिन्धु-पाल्चोक | (१) वेगसीमले गा. पं. का ५, ६, ७, र ८ नं. वडाहरू (तिव्रे, घर्तिगाउँ, चिमले आदि गाउँ-हरू) (२) भुमलटार गा. पं. | | काभ्रे | (१) भुसाखोला, वाफलखोला र घट्टेखोला सिमाना (२) इन्द्रावती |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १२. काभ्रे–पलान्चोक | मच्छे गा. पं. र भिमखोरी पौवा गा. पं. को सबै भाग । | २ | सिन्धुली | |
| १३. काभ्रे–पलान्चोक | वाफलखोला दक्षिणका ओखरे, गुरुमराङ, राछाप, चारखर्क र आलडुम पोलडुङ गाउँहरू । | | सिन्धुपाल्चोक | वाफलखोला सीमा |
| १४. काभ्रे–पलान्चोक | काभ्रेपलान्चोक जिल्लाको न्याले गा. पं. को मध्ये क्षेत्रभित्र घुसी लामाटार गाउँ पञ्चायतमा समावेश भइरहेको भाग । | | भक्तपुर | फुलचोकी डाँडाको श्रेणीलाई साँध मानी सोको पानीढलो साँध गरी । |
| १५. चितवन | लोत्तर गा. पं. का दुमवाङ, ज्यारवाङ, यारवाङ गाउँहरू बाहेक सो गाउँ पञ्चायतको अरू बाँकी भाग र ताल्ती गा. पं. को कान्ट्राङ गढीको दक्षिण भाग । | – | धादिङ | महाभारत लेक पानीढलो । |
| १६. मकवानपुर | काभ्रेछाप गा. पं. को सम्पूर्ण भाग । | १ | धादिङ | |
| १७. मोरङ | (१) कोहवरा गा. पं. वडा नं.४ को (रतुवाखोला पश्चिमको) झुलकाडुवा, वडा.नं. ९ को लोहागडा गाउँहरू र साबिक दमक गा. पं. वडा नं. ३ को मावा पश्चिमको भाग ।<br>(२) महादेवा गा. पं. को (रतुवाखोला पश्चिमको) वडा नं. ३, ४, ५, ६, ७, ८ र ९ पूरा र वडा नं. २ को रतुवा पश्चिम–को भाग । | | झापा | मोरङ र झापा जिल्लाकोसिमाना उत्तरीभेगमा गाउँ खोला, माउ र रतुवा दोभानदेखि दक्षिणी भेगमा रतुवाखोला सिमाना कायम गरिएको छ । |

११८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १८. झापा | (१) सिजुवा गा.पं. वडा नं. ६ मा पर्ने ठूलो बान्हघरे गाउँ तथा मगरखाडी खाडीगाउँ र खैरावारी।<br>(२) राजघाट गा. पं. को नयाँ माउखोलादेखि पूर्वी भाग अर्थात वडा नं. ६ पूरा र वडा नं. ८ तथा वडा नं. ५ को केही भाग एवं तल्लो खैरवारी।<br>(३) मधुमल्ला गा. पं. को वडा नं. ५ को नयाँ माउखोलादेखि पूर्वको भाग, वडा नं. ४ को दुम्से गाउँ र वेलडाँगी गाउँ। | | मोरङ | " |
| १९. पाँचथर | रविबजार अन्तर्गत पर्ने इलाम जिल्लाको भाग पाँचथर गा.पं. मा समावेश गरिएको छ। | | इलाम | महाभारत श्रेणीको पानीढलोलाई साँध गरी पाँचथर जिल्लाको रवि गा. पं. बजारका ५०।६० घर एउटै ब्लकका भएर पनि दुई जिल्लामा पर्न गएकोले रविबजारमा पर्ने इलाम जिल्ला अन्तर्गतका सबै घरहरू पाँचथरको रविबजार मा नै मिलाइएकोछ। |

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9000

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।